# पञ्चपुरी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ५ | संख्या : २ | मितिः २०७८/१२/०९

भाग ३


## विपद प्रभावित व्यक्ति/परिवारलाई राहत वितरण तथा आर्थिक सहयोग सम्बन्धी मापदण्ड, २०७८

### प्रस्तावनाः

पञ्चपुरी नगरपालिकाको विपद्जोखीम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा १८ मा भएको व्यवस्था र प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट सर्वसाधारको जीउ ज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं साँस्कृतिक सम्पदा र भौतिक संरचनाको क्षति हुँदा क्षतिपूर्ती स्वरुप दिइने राहत प्रक्रियालाई व्यवस्थित वनाउन वाञ्छनीय भएकोले स्थानीय तहको प्रशासकीय कार्यविधि ऐन, २०७५ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो मापदण्ड बनाएको छ।

### परिच्छेंद-१

### संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ :** (क) यस मापदण्डको नाम “विपद प्रभावित व्यक्ति/परिवारलाई राहत वितरण तथा आर्थिक सहयोग सम्बन्धी मापदण्ड, २०७८” रहेको छ।

(ख) यो मापदण्ड कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषा :** विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “मापदण्ड” भन्नाले विपद प्रभावित व्यक्ति/ परिवारलाई राहत वितरण तथा आर्थिक सहयोग सम्बन्धी मापदण्ड, २०७८ भन्ने सम्झनु पर्छ।

(ख) “ऐन” भन्नाले पञ्चपुरी नगरपालिका विपद् जोखीम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ भन्ने सम्झनु पर्छ।

(ग) “समिति” भन्नाले राहत व्यवस्थापन तथा सञ्चालन समिति सम्झनु पर्छ।

(घ) “कार्यपालिका” भन्नाले पञ्चपुरी नगरकार्यपालिका सम्झनु पर्छ ।

(ङ) “विपद” भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जन वा धनको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद्सम्झनु पर्छ ।

३. **वजेट विनियोजन :** नगरपालकिामा विपद व्यवस्थापन कोष नाम गरेको एक कोषको स्थापना हुनेछ । उक्त कोषमा प्रकोप उद्धार र राहत मापदण्ड, २०६४ मा तोकिए बमोजिम न्युनतम रु ५,०००००। मौज्दात कायम राख्नु पर्नेछ । कोषको स्थापना नभएको अवस्थामा नगरपालिकाले प्रत्येक आर्थिक वर्षमा विपद्व्यवस्थापन शीर्षकमा आवश्यकता अनुसार वजेट विनियोजन गरी सोही शीर्षकबाट रहने छ ।

## परिच्छेद-२

## राहत व्यवस्थापनको अवधारणा, लक्ष्य, उद्देश्य, नीति

४. **राहत वितरण तथा आर्थिक सहयोगको अवधारणा :** पञ्चपुरी नगरपालिकामा हुने सबै प्रकारका प्राकृतिक तथा मानव सृजित विपद तथा प्रकोप बाट प्रभावित व्यक्ति, परिवार, संघसंस्थाको संख्यामा कमी ल्याउन तथा आम जनमानसमा प्राकृतिक विपदबारे सचेतना अभिवृदि गर्दै विपदबाट प्रभावित हुनेको संख्या न्युनीकरण गर्न, पीडित परिवारको पहिचान गरी राहतमा सहयोग पु-याउनु नै कोषको अवधारणा हुनेछ ।

५. **लक्ष्यः** प्राकृतिक तथा मानव सृर्जित प्रकोपमा परेका परिवार, संघसंस्थाहरूलाई राहत तथा पुनःस्थापनामा सहयोग पु-याउने, विपद जोखिम व्यवस्थापन कृयाकलापको पहिचान तथा प्राथमिकीकरण गर्दै विपद व्यवस्थापनको क्षमतामा अभिवृद्धि गरी मानवीय तथा भौतिक क्षतिमा कमी ल्याउनु यस कोषको लक्ष्य रहेको छ ।

६. **उद्देश्य :** राहत व्यवस्थापनको उद्देश्यहरू देहाय बमोजिम रहेको छः

(क) विपद पीडितको उद्धार तथा पुनःस्थापनाका लागि स्थानीय तह, जिल्ला, प्रदेश तथा संघस्थित सबै कार्यालय संघसंस्थावीच समन्वय गर्नुका साथै जनसहभागिता जुटाउन पहल गर्ने ।

(ख) विपद पीडितको आधारभुत आवश्यकताको परिपूर्तिका लागि क्षतिको मुल्याङकनका आधारमा तत्काल राहत उपलब्ध गराइ सहयोग गर्ने ।

(ग) विपदबाट हुन सक्ने मानवीय तथा भौतिक क्षतिको न्यूनिकरणका लागि नगरपालिकाको क्षमता विकास गर्ने ।

(घ) विपद व्यवस्थापनको क्षेत्रमा काम गर्ने सबै निकायहरूका बीच समन्वय गर्ने ।

(ङ) विपदबाट पीडित व्यत्तिहरूलाइ तत्काल उद्धार तथा राहत सहयोगका लागि कोषको व्यवस्था गर्ने ।

**७ नीति**

(क) विपद पीडितको तत्काल उद्धार गर्ने ।

(ख) विपद पीडितलाई उद्धार पछि राहत सहयोग उपलब्ध गराउने ।

(ग) विपद पीडितहरूलाइ पहिचान गरि तत्काल पुनःस्थापनका लागि सहयोग पुऱ्याउने ।

(घ) विपद पीडितहरूलाई सहयोग उपलब्ध गराउनका लागि सम्बन्धित सबै निकायहरूका बीच समन्वय गर्ने ।

## परिच्छेद-३

## राहत व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था

८. **राहत व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था** : यस नगरपालिकामा एक राहत व्यवस्थापन तथा सञ्चालन समिति गठन गरिनेछ । राहत व्यवस्थापन तथा सञ्चालन समितिमा नगरपालिकाको नगर प्रमुख अध्यक्ष सहित देहाय बमोजिमका पदाधिकारी रहनेछन् ।

(क) नगरपालिका प्रमुख - अध्यक्ष

(ख) नगरपालिका उप प्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत वा नीजले तोकेको प्रतिनीधि- सदस्य

(घ) वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजक - सदस्य

(ङ) नगरपालिकाको रेडक्रस सोसाइटी शाखा हेर्ने प्रमुख - संयोजक

(च) नेपाल पत्रकार महासंघ नगरपालिकाका प्रतिनिधी - संयोजक

(छ) नगरपालिकाको प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख - सदस्य सचिव

(अ) व्यवस्थापन समितिको वैठक सामान्यतया वर्षमा ३ पटक बस्ने छ ।

(आ) बैठकको आव्हान समितिको अध्यक्षले गर्नेछ भने सदस्य सचिवले वैठक बोलाउनेछ ।

(इ) आवश्यकता अनुसार व्यवस्थापन समितिको वैठक जुनसुकै समयमा पनि वोलाउन सकिनेछ ।

(ई) व्यवस्थापन समितिको सम्पूण सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपुरक

संख्या पुरा भएको मानिनेछ । तर पहिलो पटक गणपुरक संख्या नपुगेमा दोश्रो पटक ३३ प्रतिशत पुगेमा बैठक बस्नेछ ।

(उ) बैठकको निर्णय अध्यक्षबाट प्रमाणित गर्नुपर्नेछ ।

९. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।

(क) विपतको समयमा खोज तथा उद्धार कार्य गराउन खोज तथा उद्धार कार्यदलको गठन गरि दलका सदस्यलाई खोज तथा उद्धार सम्बन्धि तालिम दिई पुर्वतयारीमा राख्ने

(ख) विपद बाट पिडित व्यक्ति परिवार र संघसंस्थालाई तत्काल राहत उपलब्ध गराउने,

(ग) विपद बाट पिडितका लागि पुनःस्थापनाको व्यवस्था गर्ने ,

(घ) राहत वितरण गर्ने तथा वितरणमा संलग्न रहेका निकायहरूको अनुगमन, सुपरिवेक्षण तथा प्रगति समिक्षा गर्ने,

**१०. अध्यक्षको काम, कर्तव्य र अधिकार:** अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

(क) बैठकको अध्यक्षता गर्ने,

(ख) बैठक बोलाउन सचिवलाई निर्देशन दिने,

(ग) बैठकमा प्रतिबेदन पेश गर्ने, प्रस्ताव पेश गर्ने गराउने

(घ) समितिका सदस्यहरूलाइ कामको बाँडफाँड गर्ने तथा कामको आवश्यक समन्वय गर्ने,

(ङ) राहत वितरणका कार्यमा पारदर्शिता कायम गराउने

(च) राहत व्यवस्थापनको बैठक सहभागितात्मक रुपमा गराउने

(छ) राहत वितरणका लागि अन्य निकाय, संघ/संस्था संग समन्वय गर्नूपर्ने भए गर्ने गराउने

(ज) राहत वितरणका लागि विपद्व्यवस्थापन कोषबाट वजेट स्वीकृत गर्न गराउने

(झ) राहत वितरण कार्यको अनुगमन तथा मुल्याङकन गर्ने गराउने

**११. सदस्य सचिवको काम, कर्तव्य र अधिकार** : राहत व्यवस्थापन सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) अध्यक्षको आदेशानुसार बैठक बोलाउने, अध्यक्ष सँग सल्लाहामा छलफलका विषयबस्तुहरू तयार गरि निर्णयार्थ वैठकमा पेश गर्ने

(ख) बैठकको निर्णय लेख्ने, कोषका सबै कागजातहरू जिम्मा लिने,

(ग) सम्बन्धित सूचनाहरू, तथ्याङ तथा अभिलेख अध्यावधिक गर्ने,

(घ) अध्यक्षले तोकेका अन्य कार्यहरू गर्ने ।

(ङ) कार्यक्रहरूको अनुगमन गर्ने गराउने,

(च) राहत सामाग्री तथा चलअचल सम्पत्तिको संरक्षण गर्ने गराउने ।

**१२. सदस्यको काम कर्तव्य र अधिकार** : सदस्यको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) बैठकमा उपस्थित भइ छलफलमा सक्रियतापूर्वक भाग लिने,

(ख) अध्यक्षको काममा सहयोग पु-याउने,

(ग) तोकिएको जिम्मेवारीलाइ पुरा गर्ने,

(घ) बैठकमा निर्णयमा पुग्न मतदान गर्न पर्ने भए मतदान गर्ने,

(ङ) अध्यक्षले तोकेका अन्य दायित्व निर्वाह गर्ने,

(च) राहत वितरण कार्यान्वयन गर्न सहयोग पु-याउने ।

## परिच्छेद - ४

## आर्थिक तथा प्रशासनिक व्यवस्था

१३. राहत वितरणका लागि आवश्यक पर्ने आर्थिक स्रोत नगरपालिकामा रहेको विपद् व्यवस्थापन कोषबाट व्यवस्था गरिनेछ । यो कोषबाट वजेट नपुग भएमा कार्यपालिकाको बैठकबाट आवश्यक निर्णय गरी अन्य श्रोत जुटाउन सक्नेछ ।

१४. **प्रशासनिक व्यवस्थाः** राहत व्यवस्थापनको लागि प्रशासनिक तथा आर्थिक कारोवार नगर कार्यपालिकाको कर्मचारीहरू बाट नै संचालन गरिनेछ ।

१५. **बैठक भत्ताः** राहत व्यवस्थापन समितिको बैठकमा भागलिने पदाधिकारी तथा सदस्यहरू एवं अन्य आमन्त्रितलाई नगर कार्यपालिकाको निर्णयानुसार भत्ता उपलब्ध गराइनेछ ।

१६. **राहत तथा उद्धार कार्य संचालन सम्बन्धी व्यवस्था** :नगरपालिकाको कुनै पनि वडामा विपद आइपरेको अवस्थामा देहाय बमोजिमको व्यवस्थापन गरिनेछ :

(क) विपद प्रभावित स्थानको पहिचान गरी तत्काल उद्धारको व्यवस्था गरिनेछ ।

(ख) उद्धार पछि विपद प्रभावित व्यक्ति, परिवार तथा संघ संस्थाहरूको वर्गीकरण गरी वडा कार्यालय मार्फत लगत राख्ने व्यवस्था मिलाइनेछ ।

(ग) वडा समितिको वैठकद्वारा विपद प्रभावित वा पीडितहरूको सर्जमिन मुचुल्का गराई राहत अनुदानका लागि वातावरण तथा विपद व्यवस्थापन समितिमा सिफारिस गरिनेछ ।

(घ) वातावरण तथा विपद व्यवस्थापन समिति बाट विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन समिति समक्ष राहत वितरणका लागि सिफारिस व्यवस्था मिलाइनेछ ।

(ङ) यस खण्डमा जेसुकै लेखिएको भएतापनि यस सम्बन्धमा नगर कार्यपालिकाको निर्णय अन्तिम मानिनेछ ।

१७. **विपद प्रभावित वर्गीकरण** : नगरपालिकामा आइपर्ने विपद बाट प्रभावितहरूको वर्गीकरण देहाय बमोजिम हुनेछ :

**(क) प्रभावित** :प्राकृतिक वा मानव सृर्जित विपद जस्तैः भुकम्प, वाढी , पहिरो, आगलागी, महामारी, अनिकाल, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु सर्पदशं, जनावर आतङ्क आदि बाट सामान्य क्षति भएका व्यक्ति परिवार तथा संघ संस्थाहरू यस वर्गमा पर्दछन ।

**(ख) आंशिक प्रभावित** : प्राकृतिक वा मानव सृर्जित विपद बाट प्रभावित भएकाहरू जस्तैः घरमा सामान्य क्षति भएका तर बस्न लायक, वाढी, पहिरोले खेतवारी सामान्य क्षति पु-याएका, आगलागी भई घर तथा मानव जन, चौपाया, पशुपंक्षीमा सामान्य भौतिक क्षति भएकाहरू यस वर्गमा पर्दछन ।

**(ग) अति प्रभावित** :प्राकृतिक तथा मानव सृर्जित विपद बाट प्रभावित भई जन धनको क्षति व्यहोरेका परिवारका सदस्यको मृत्यु भएका, वसोवास गर्ने घर एवं अन्य भौतिक पूर्वाधार नष्ट भएका, अङग भङग भइ जिविको पार्जनका लागि अन्य माथि आश्रित हुन पुगेकाहरू यस वर्गमा पर्दछन ।

१८. **राहत वितरण व्यवस्थापन क्षेत्रः राहत वितरणको क्षेत्र देहाय बमोजिम हुनेछ :**

(क) विपद प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा विपद प्रभावितहरूलाई बुँदा नं. १७ (क) वर्गीकरणमा परेकाहरूलाई बढीमा ५ हजार सम्म उपलब्ध गराउने,

(ख) प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा विपद प्रभावितहरूलाई बुँदा नं. १७ (ख) वर्गीकरणमा परेकाहरूलाई प्रति परिवार ७ हजार सम्म उपलब्ध गराउने,

(ग) प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा विपद प्रभावितहरूलाई बुँदा नं. १७ (ग) वर्गीकरणमा परेकाहरूलाई देहाय बमोजिम राहत उपलब्ध गराउने,

(अ) परिवारका सदस्यहरू मृत्यु भएमा प्रति परिवार रु १५,०००/- उपलब्ध गराउने ।

(आ) घरवार विहिन भएका परिवार लाई प्रति परिवार रु १०,०००/- उपलब्ध गराउने ।

(इ) अंग भङ्ग भएका परिवारलाई प्रति व्यक्ति रु ५,०००/- उपलब्ध गराउने ।

((ई) शारीरिक रुपमा घाइते भई उपचारत अवस्थामा रहेका प्रति व्यक्ति रु ७,०००/- उपलब्ध गराउने

(उ) महिला बालबालिका तथा जेष्ठ नागरिक सम्बन्धी काम गर्ने संस्थाहरू अति प्रभावितको सिफारिसमा परेका संघ संस्थाहरूको हकमा मर्मत संम्मार तर्फ रु १०,०००/- तथा अन्य संस्थाहरूलाइ रु ५०००/- उपलब्ध गराउने ।

(ऊ) प्राकृतिक प्रकोप तथा मानवीय कारणबाट पशु चौपाय तथा गोठको क्षती भएमा देहाय बमोजिम सहयोग गरिनेछ ।

(१) घर तथा आवास नष्ट भएमा क्षतिको मूल्यांकनको आधारमा रु १०,००० ।- देखि रु. २५०००।- आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

(२) पशु गोठ नष्ट भएमा क्षतिको मूल्यांकनको आधारमा प्रति गोठ रु.५,०००।- देखि रु.१५,०००।- आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

(३) कुखुराको खोर नष्ट भएमा क्षतिको मूल्यांकनको आधारमा प्रति खोर रु. २,०००।- देखि रु. २०,०००।- आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

(४) गाई, गोरु तथा रागा भैसी नष्ट भएमा क्षतिको मूल्यांकनको आधारमा प्रति गोटा रु ३०००।- आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

(५) बोका, बाखा, भेडा, च्यांग्रा नष्ट भएमा क्षतिको मूल्यांकनको आधारमा प्रतिगोटा रु १५०० आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

(६) हाँस कुखुरा नष्ट भएमा क्षतिको मूल्यांकनको आधारमा प्रतिगोटा रु. १५० आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

(७) माछा पोखरीमा क्षति पुगेमा क्षतिको मूल्यांकनको आधारमा प्रति पोखरी रु. ५०००।- आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

(घ) विपद्बाट घरबार ,आवास नष्ट भएका वा खाद्यान्न बाली तथा जग्गा जमिन वा पसल व्यवसाय समेत नोक्सानी भई तत्काल गुजाराका लागि खाद्यान्न समेत नभएका वा दुवै अवस्थाका पीडित परिवारलाई प्रति परिवार ५ जनासम्म सदस्य भएको परिवार भए रु. १५ हजार र ५ जनाभन्दा बढी सदस्य भएको परिवार भए रु.२० हजारको दरले तत्काल नगद सहायता उपलब्ध गराइनेछ ।

(ङ) बाढी पहिरोमा परी गम्भीर घाइते हुनेहरूको उपचारको सम्पुर्ण व्यवस्था नेपाल सरकारले मिलाउने छ ।

१९. **सहयोग माग गर्दा पेश गर्नुपर्ने कागजातः** नगरपालिकाको कार्यालयमा दफा १८ बमोजिमको आर्थिक सहयोग प्राप्त गर्न देहायका कागजातहरू पेश गर्नुपर्नेछ ।

(क) निवेदन,

(ख) सम्बन्धीत वडा कार्यालयको सिफारिश,

(ग) सम्बन्धीत प्रहरी चौकीको स्थलगत सर्जमिन मुचुल्का, तथा अध्ययन प्रतिवेदन,

(घ) क्षतीको पूर्ण अवस्था देखिने फोटो,

(ङ) आवश्यक भएमा क्षतीको प्राविधिक मूल्याङ्कन,

(च) अन्य आवश्यक प्रमाणहरू ।

२०. **मापदण्डको संशोधन**: यस मापदण्डलाई संशोधन गर्न आवश्यक देखिएमा विधान समितिको सिफारिसमा कार्यपालिकाले गर्नेछ ।

२१. **बचाउ र खारेजी**: (क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरूको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धि प्रचलित कानुन सँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

(ख) कुनै कारण बाट कोष संचालन हुन नसकेमा **राहत व्यवस्थापन तथा सञ्चालन** समितिको सिफारिसमा नगरकार्यपालिकाको निर्णय बमोजिम कोषलाई खारेज गर्न सकिनेछ ।

(ग) कोष खारेज भएमा कोषमा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा दायित्व नगर कार्यपालिकाको कार्यालयमा स्वतः सर्नेछ ।

**आज्ञाले**

रोमाकान्त पाण्डेय

प्रमुख प्रशासकीय अधिकृत